# लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित खाका

## किरात याक्थुङ चुम्लुङ

# लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित खाका

## परिचय

किरात याक्थुङ चुम्लुङ आदिवासी लिम्बूहरूको प्रतिनिधिमूलक संस्था हो । यस संस्थाले लिम्बूहरूको सामाजिक, आर्थिक, शैक्षिक, भाषिक, साँस्कृतिक र राजनीतिक विकासको लागि विगत २१ वर्षदेखि निरन्तर कार्य गरिरहेको छ। लोकतन्त्र स्थापना गर्न देशमा भएका २०४६ साल र ०६२/०६३ को जनआन्दोलनमा लिम्बूहरूको हक अधिकार स्थापित गराउन यस संस्था सक्रियताका साथ सडकमा ओर्लिएको थियो। ०६२/०६३ को जनआन्दोलन पश्चात २०६३ जेठमा दमक नगरी, झापा जिल्ला, लिम्बुवानमा किरात याक्थुङ चुम्लुङको छैठौं राष्ट्रिय महाधिवेशन सम्पन्न भयो। उक्त महाधिवेशनले राज्यको पनर्सरचनामा संघीय लोकतान्त्रिक गणतन्त्रमा लिम्बूहरूको आत्मनिर्णयको अधिकार सहितको लिम्बुवान जातीय स्वायत्त राज्य स्थापनामा सम्पूर्ण शक्ति केन्द्रित गर्ने निर्णय गऱ्यो ।

आत्मनिर्णयको अधिकरा सहितको लिम्बुवान जातीय स्वायत्त राज्य स्थापनाको लागि किरात याक्थुङ चुम्लुङले लिम्बुवान जातीय स्वायत्तता जनजागरण अभियान संचालन गऱ्यो। संस्थाको आन्तरिक सवल पक्षहरू, कमजोरीहरू र वाह्य अवसर तथा चुनौतीहरूलाई विश्लेषण गरी अभियान संचालनका लागि रणनीति र कार्यक्रमहरू तय गरेको थियो। अभियानको रणनीति अनुसार केन्द्र देखि जिल्लासम्म लिम्बुवान जातीय स्वायत्तता जनजागरण अभियान समिति तथा उपसमितिहरू गठन गरिएको थियो। उक्त समिति तथा उपसमितिहरूको कार्यक्रम अनुसार लिम्बुवानमा तालिम, गोष्ठि, साहित्यक तथा साँस्कृतिक सभा सम्मेलन, व्यानरिङ, पोष्टरिङ, भित्तेलेखन, प्रकाशन, संवाद र केन्द्रिय स्तरमा ज्ञापनपत्र बुझाउने र राजनीतिक दल तथा नेताहरूसँग अन्तरक्रिया छलफल गर्ने कार्यक्रमहरू सम्पन्न भए ।

लिम्बुवान जातीय स्वायत्तता जनजागरण अभियानको दौरानमा परिस्थिति विश्लेषण उपसमितिले प्रस्तावित लिम्बुवान स्वायत राज्यको प्रारम्भिक मस्यौदा खाका तयार गरेको थियो। उक्त खाकामा २०६४ भाद्रमा लिम्बुवानको धरान सुनसरीमा राजनीतिक दलका जिल्ला तथा केन्द्रिय स्तरका लिम्बू नेता कार्यकर्ताहरूको बृहत राजनीतिक सम्मेलन गरी बृहत छलफल गरिएको थियो। सबै दलका नेता कार्यकर्ताहरूबाट प्राप्त सुझावहरूलाई पुनः थपघट गरि आम जनमानसमा सुझावका लागि वितरण गरियो। त्यसैगरी किरात याक्थुङ चुम्लुङद्वारा लिम्बुवानका ९ जिल्लाका २४ स्थानमा आयोजित "लिम्बुवान जातीय स्वायत्तता स्थापनाका निम्ति सांस्कृतिक अभियान २०६४ अन्तर्गत अन्तरसम्बाद कार्यक्रम, जिल्लास्तरका नेतृत्व विकास तालिम कार्यक्रम र ०६४ फागुणमा लिम्बुवान इलाममा सम्पन्न किरात याक्थुङ चुम्लुङ को १३ औं राष्ट्रिय परिषद बैठकमा राय सुझावका लागि प्रस्तुत गरिएको थियो। यसरी विषयविज्ञहरू, राजनीतिक नेता कार्यकर्ता, लिम्बू र लिम्वुवानबासीहरूसँगको पटक, पटक छलफल र सुझाव संकलन पश्चात ०६५ फागुणमा लिम्बुवान तेह्रथुमको म्याङलुङ बजारमा सम्पन्न किरात याक्थुङ चुम्लुङको सातौं राष्ट्रिय महाधिवेशनमा छलफल गरी यस खाकालाई अन्तिम रुप दिइएको थियो। यो लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित खाकालाई संविधानसभामा समेत पेश गरि सकिएको छ ।

अन्त्यमा सम्पूर्ण लिम्बूहरूले खोजेको लिम्बुवानलाई प्रतिविम्वित गराउने लिम्बुवान जातीय स्वायत्त राज्यको प्रस्तावित खाका निर्माणका लागि सहयोग पुऱ्याउने सम्पूर्णलाई किरात याक्थुङ चुम्लुङको तर्फबाट धन्यबाद ।

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यसमिति

विषय सूची


| क्र. सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | प्रस्तावना | ४ |
| २. | राज्यको नाम | ४ |
| ३. | लिम्बुवानको सीमाना, भाषा, झण्डा, राष्ट्रिय गान | ४ |
| ४. | नागरिकता, धर्म | ५ |
| ५ | संघीय र राज्य सरकारबीच अधिकार बाँडफाँड | ५–६ |
| ६ | विधानको व्यवस्था | ६ |
| ७. | राज्य कार्यपालिका | ६–७ |
| ८. | राज्य व्यवस्थापिका | ७–८ |
| ९. | प्रत्याव्हान | ८ |
| १०. | मताधिकार | ८ |
| ११. | राज्य न्यायपालिका | ८–९ |
| १२. | स्वशासित क्षेत्र, स्वशासित सूची | ९–१० |
| १३. | थुम स्वायत्त समिति | १० |
| १४. | गाउँ/नगर स्वायत्त समिति | १० |
| १५. | दलीय व्यवस्था | १० |
| १६. | राज्यका आयोगहरू | ११ |
| १७. | सरकारी सेवा | ११ |
| १८. | प्रतिनिधित्व | ११ |
| १९. | अग्राधिकार/विशेषाधिकार | ११–१२ |
| २०. | अर्थ व्यवस्था | १२ |
| २१. | शिक्षा | १२ |
| २२. | राजधानी | १२ |
| २३. | संघीय सरकारमा लिम्बुवान राज्यका सरोकारका विषयहरु | १२–१३ |
| २४. | संघीय सरकारले हस्तक्षेप गर्न नहुने विषयहरू | १३ |
| २५. | संघीय सरकार र लिम्बुवान राज्यबीचको अन्तरसम्बन्ध | १३–१४ |

# लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित खाका

**प्रस्तावनाः**
सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमसत्ता, अखण्डता र अविभाज्यतालाई अक्षुण्ण राख्दै विद्यमान जातीय, भाषिक, सांस्कृतिक, सामाजिक, धार्मिक, वर्गीय र लैङ्गिक विभेद अन्त्य गर्न,

एकात्मक तथा केन्द्रीकृत राज्यसत्ताबाट सिर्जित समस्याहरूलाई जाति र समुदायको राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै समाधान गर्न,

बहुदलीय प्रतिस्पर्धा, सङ्घीय लोकतान्त्रिक शासनव्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा, मानवाधिकार, आदिवासी अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रताका मूल्य मान्यतालाई सुदृढ गर्न,

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालअन्तर्गत आत्मनिर्णयको अधिकारसहितको लिम्वुवान स्वायत्त राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्दै समग्र नेपालको शान्ति र संवृद्धिका लागि आदिवासी लिम्बूहरू र लिम्बुवानवासीहरूको बीचमा व्यापक छलफल र परामर्श गरी यो लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित खाका प्रस्तुत गर्दछौं ।

१. **राज्यको नामः**
राज्यको नाम लिम्बुवान स्वायत्त राज्य हुनेछ । लिम्बुवान स्वायत्त राज्य स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र छुवाछूत मुक्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालअन्तर्गतको आत्मनिर्णयको अधिकारसहितको एक स्वायत्त राज्य हुनेछ ।

२. **लिम्बुवानको सिमानाः**
लिम्बुवानको सिमाना देहायबमोजिमको हुनेछ :
(क) सङ्खुवा खोला, अरूण र सप्तकोशी नदी पूर्व,
(ख) मेची नदी, भारतको पश्चिम बङ्गाल र सिक्किम प्रदेशको सिमाना पश्चिम,
(ग) भारतको विहार प्रदेशको सिमाना उत्तर र
(घ) चीनको स्वशासित क्षेत्र तिब्बत सिमाना दक्षिण ।
यी चारकिल्लाभित्रको भूभाग लिम्बुवान स्वायत्त राज्यको क्षेत्र हुनेछ ।

३. **भाषाः**
(१) सङ्घीय सरकारी कामकाजको भाषा बहुभाषिक हुनु पर्नेछ । लिम्बुवानले सङ्घीय सरकार, राज्य वा अन्य राज्य सरकारहरूसँग लिम्बू, खसनेपाली वा अङ्ग्रेजी भाषामा कामकाज गर्न सक्नेछ ।
(२) लिम्बुवानले बहुभाषिक नीति अपनाउनेछ । लिम्बुवानका मातृभाषाहरू राज्य भाषाको रूपमा स्थापित गरिनेछ । ती भाषाहरूको संरक्षण र विकासको लागि सम्बन्धित समुदायको इच्छाबमोजिम व्यवस्था गर्न राज्यको दायित्व हुनेछ ।

४. **झन्डाः**
लिम्बुवान स्वायत्त राज्यको पहिचान र प्रतिनिधित्व झल्कने गरी राज्यको झन्डा निर्माण गरिनेछ । राज्यको झन्डाको निर्माण राज्य सरकारले गर्नेछ ।

५. **राष्ट्रिय गान इत्यादिः**

लिम्बुवानको राष्ट्रिय गान, धुन, निशान छाप, फूल, रङ्ग, जनावर, पक्षी, खेल, इत्यादिबारे लिम्बुवान स्वायत्त राज्य सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

६. **नागरिकताः**

(१) सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबमोजिम लिम्बुवान स्थापना हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरिसकेका लिम्बुवानका नेपाली नागरिकहरू र लिम्बुवान स्थापना भएपछि कानुनबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू लिम्बुवानको नागरिक हुनेछन् ।

(२) लिम्बुवान स्थापना भएपछि नेपालको नागरिकता प्राप्त गरिसकेका लिम्बुवानका नेपाली नागरिकहरूले लिम्बुवान राज्यको परिचय पत्र (State Identity Card) अनिवार्य लिनु पर्नेछ । लिम्बुवान स्वायत्त राज्य स्थापना भएको मितिपछि नेपाली नागरिकता पाउन अगाडि नै लिम्बुवानको परिचय पत्र (State Identity Card) लिइसकेको हुनुपर्नेछ ।

(३) लिम्बुवानका आदिवासी जनजातिहरूको हकमा उनीहरूको सम्बन्धित जातीय प्रतिनिधिमूलक संस्थाको सिफारिसमा पनि उनीहरू नागरिकता प्राप्त गर्न योग्य हुनेछन् ।

(४) नागरिकता प्राप्त गर्न योग्य व्यक्तिले आमाबुबा दुवैको नामबाट नागरिकता लिन सक्नेछ ।

(५) सङ्घीय कानुनको अधिनमा रही दोहोरो नागरिकता राख्न पाइनेछ । तर सार्वजनिक पद धारण गर्न वा नियुक्त हुनका लागि अर्को देशको नागरिकता त्याग गर्नुपर्नेछ ।

७. **धर्मः**

लिम्बुवान धर्म निरपेक्ष राज्य हुनेछ । प्रत्येक व्यक्तिलाई अरूको धार्मिक आस्था र स्वतन्त्रताको पूर्ण सम्मान गर्दै धर्म रोज्ने र अभ्यास गर्ने अधिकार हुनेछ । धर्मको आधारमा हुने कुनै पनि भेदभाव, घृणा र अवहेलना तथा सामाजिक छुवाछूत दण्डनीय हुनेछ ।

८. **सङ्घीय र राज्य सरकारबीच अधिकार बाँडफाँडः**

सङ्घीय र राज्य सरकारबीचको अधिकार बाँडफाँडका विषयहरू सङ्घीय सूची, राज्य सूची र साझा सुचीमा देहाय बमोजिम हुनेछ ।

| सङ्घीय सूची | राज्यको सूची | साझा सूची |
|---|---|---|
| १. रक्षा,<br>२. परराष्ट्र मामिला<br>३. मुद्रा,<br>४. केन्द्रीय बैंक तथा वित्तिय सस्था,<br>५. अन्तर्राष्ट्रिय व्यापार,<br>६. उपरोक्त विषयहरूसँग सम्बन्धित अपराध | १. स्वास्थ्य,<br>२. शिक्षा,<br>३. कृषि<br>४. उद्योग<br>५. राज्य स्तरको बनजङ्गल, जलस्रोत, खनीज लगायतका प्राकृतिक स्रोतसाधन<br>६. राज्यको शान्ति सुरक्षा तथा प्रहरी प्रशासन<br>७. यातायात<br>८. खानेपानी तथा सरसफाई<br>९. साना विद्युत परियोजना<br>१०. मादक पदार्थ,<br>११. राज्य स्तरको खानी तथा खनिज,<br>१२. राज्य स्तरको विकास निर्माणका पूर्वाधार<br>१३. कला संस्कृति सम्पदा,<br>१३. भूमिसुधार तथा भूमि व्यवस्थापन<br>१४. व्यापार व्यवसाय, | १. ठूला विद्युत परियोजना,<br>२. राजमार्ग<br>३. विमानस्थल<br>४. ठूला खनिज सम्पदा,<br>५. राष्ट्रिय निकुञ्ज,<br>६. हुलाक,<br>७. राष्ट्रिय स्तरको सिंचाई<br>८. सूचना तथा सञ्चार<br>९. उच्च शिक्षा<br>१०. जलस्रोत<br>११. अपराध सम्बन्धी कानुन<br>१२. फौजदारी कानुन<br>१३. देवानी कानुन<br>१४. कारागार<br>१५. आर्थिक तथा सामाजिक योजना |

| | | |
|---|---|---|
| | १५. पशुपालन<br>१६. उच्च अदालत,<br>१७. थुम अदालत<br>१८. सामुदायिक अदालत<br>१९. सम्पति कर<br>२०. मालपोत,<br>२१. व्यवसायिक कर<br>२२. यातायात कर<br>२३. स्थानीय कर<br>२४. जनसङ्ख्या व्यवस्थापन<br>२५. आयकर<br>२६. उपरोक्त विषयसँग सम्बन्धित अपराध,<br>२७. सङ्घीय र साझा सूचीमा उल्लेख नगरिएका अन्य विषयहरू | १६. श्रमिकसँग सम्बन्धित विषय<br>१७. सामाजिक उपकार तथा सुरक्षा,<br>१८. जनस्वास्थ्य<br>१९. अन्तर राज्यको व्यापार<br>२०. अन्तर राज्यको जलमार्ग,<br>२१. सिनेमा,<br>२२. राष्ट्रिय स्तरको शैक्षिक संस्था,<br>२३. विश्व सम्पदा,<br>२४. भन्सार<br>२५. मूल्य अभिवृद्धि कर<br>२६. उपरोक्त विषयसँग सम्बन्धित अपराध |

सूचीमा उल्लेख नभएका विषयहरू राज्यको अधिकार क्षेत्र भित्र पर्नेछ । साझा सूचीका विषयवस्तुमा सङ्घीय कानुन वा सङ्घीय नीति आदेश राज्यको कानुन वा नीति आदेशसँग बाँझिएमा राज्यको कानुन वा नीति आदेशसँग बाझिएको हदसम्म बदर हुनेछ ।

९. **विधानको व्यवस्थाः**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबमोजिम लिम्बुवान स्वायत्त राज्यले राज्य विधानसभा गठन वा अन्य व्यवस्था गरी नेपालको संविधानसँग नबाझिने गरी राज्यको विधान निर्माण गरी लागू गर्नेछ।

१०. **राज्य कार्यपालिकाः**

लिम्बुवान स्वायत्त राज्यको एउटा कार्यपालिका हुनेछ ।

(१) **राज्य प्रमुखः**

लिम्बुवान स्वायत्त राज्यमा एक जना राज्य प्रमुख रहनेछ । राज्य जनप्रतिनिधि सभा, राज्य सभा, स्वशासित क्षेत्र परिषद् र थुम स्वायत्त समितिहरूको निर्वाचक मण्डलले राज्य प्रमुखको निर्वाचन गर्नेछ।

(२) **कार्यकारिणी अधिकारः**

(क) लिम्बुवान स्वायत्त राज्यको कार्यकारिणी अधिकार नेपालको संविधान र राज्यको विधान र कानुन बमोजिम राज्य मन्त्रीपरिषद्मा निहित हुनेछ ।

(ख) राज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा राज्य मन्त्रीपरिषद्मा हुनेछ ।

(ग) राज्यको कार्यकारिणी कामहरू राज्य सरकारको नाममा हुनेछ ।

(घ) राज्य कार्यकारिणी अधिकार राज्यको अधिकार सूची र साझा सूची तथा सूचीमा उल्लेख नभएको हकमा समेत राज्यको अधिकार क्षेत्र मानिनेछ ।

(ङ) राज्य व्यवस्थापिकाले पारित गरेको कानुन कार्यान्वयन गर्नेछ ।

(३) **राज्य मन्त्रीपरिषद्को गठनः**

(क) मुख्यमन्त्री राज्य मन्त्रीपरिषद् प्रमुख हुनेछ । राज्यको जनप्रतिनिधिसभामा बहुमत प्राप्त दलका नेतालाई राज्य प्रमुखले मुख्यमन्त्रीको पदमा नियुक्त गर्नेछ ।

(ख) मुख्यमन्त्रीको नेतृत्वमा राज्य मन्त्रीपरिषद्को गठन हुनेछ । राज्य मन्त्रीपरिषद् समावेशी तथा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको अधारमा गठन हुनेछ । तर व्यवस्थापिकाबाहिरका व्यक्तिलाई मन्त्रीपरिषद्मा ल्याउन सकिने छैन । मुख्यमन्त्रीले आफू लगायत ११ जनामा नबढाई मन्त्रिमण्डल गठन गर्नेछ ।

(ग) राज्य मन्त्रीपरिषद् गठनमा आदिवासी लिम्बू र लिम्बुवानमा पूर्ख्यौली थातथलो भएका आदिवासी जनजातिहरूको निश्चित प्रतिशत प्रतिनिधित्व अनिवार्य हुनु पर्नेछ ।

(घ) मुख्यमन्त्री र मन्त्रीहरूको पदावधि ५ वर्षको हुनेछ । नयाँ निर्वाचित प्रतिनिधिले कार्य प्रारम्भ नगरुन्जेल उनीहरूले नै कार्यपालिका सञ्चालन गर्नेछन् ।

११. **राज्य व्यवस्थापिकाः**

लिम्बुवानमा दुई सदनात्मक  निर्वाचित राज्य व्यवस्थापिका हुनेछ ।

(क) जनप्रतिनिधि सभा र

(ख) राज्य सभा

दुवै सभाहरू समानरूपले शक्ति सम्पन्न हुनेछ । राज्य प्रमुख, जनप्रतिनिधि सभा र राज्य सभासहितको व्यवस्थापिकालाई राज्य व्यवस्थापिका भनिनेछ ।

(१) **राज्य व्यवस्थापिकाको अधिकारः**

(क) राज्यको व्यवस्थापिकीय अधिकार राज्य व्यवस्थापिकामा निहित रहनेछ ।

(ख) राज्य सभाको व्यवस्थापिकीय अधिकार नेपालको संविधानको सङ्घीय सरकार र राज्य सरकारबीच अधिकार बाँडफाँडको राज्यको सूची र साझा सूचीका विषयवस्तु तथा उल्लेख नभएको हकमा समेत राज्य व्यवस्थापिकामा व्यवस्थापिकीय अधिकार रहनेछ ।

(ग) लिम्बुवान स्वायत्त राज्यको ऐन कानुन निर्माण गर्ने ।

(घ) आवश्यकताअनुसार सङ्घीय ऐन लागू गर्न स्वीकृति दिने ।

(ङ) लिम्बुवान स्वायत्त राज्यको बजेट तयार गर्ने ।

(च) लिम्बुवानमा कर लगाउने र हटाउने निर्णय गर्ने ।

(छ) लिम्बुवान राज्य सरकारलाई ऋण लिन स्विकृती प्रदान गर्ने ।

(ज) सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान संसोधनलाई अनुमोदन वा अस्वीकृति गर्ने अधिकार हुनेछ ।

(झ) स्वशासित क्षेत्र र थुम स्वायत्त इलाका, गाउँ तथा नगरहरूलाई ऐन बनाई अधिकार प्रत्यायोजन गर्नेछ ।

(२) **जनप्रतिनिधि सभाको गठनः**

(क) जनप्रतिनिधि सभाको गठन समानुपातिक र प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुनेछ ।

(ख) जनप्रतिनिधि सभामा लिम्बुवानलाई एक निर्वाचन क्षेत्र मानी कुल जनप्रतिनिधि सभाका सदस्यको ५० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछ ।

(ग) समानुपातिक निर्वाचन प्रणालीको लागि छुट्याइएको सदस्यहरूमध्ये ५१ प्रतिशतमा आदिवासी लिम्बू लगायत राज्यमा पुर्ख्यौली थातथलो भएका आदिवासीहरू निर्वाचित हुनेछन भने ४९ प्रतिशत सदस्यहरू जातजाति, लिङ्ग, वर्ग र क्षेत्रहरूको समानुपातिक प्रतिनिधित्व हुनेछ ।

(घ) बाँकि ५० प्रतिशत सदस्यहरू प्रथम हुने निर्वाचित हुने प्रणालीबाट भूगोल र जनसङ्ख्याको अनुपातमा निर्धारण गरिएको निर्वाचन क्षेत्रबाट निर्वाचित हुनेछन । जनसङ्ख्याको अनुपात कम भए पनि स्वाशासित क्षेत्रको हकमा कम्तिमा एउटा निर्वाचन क्षेत्र कायम हुनेछ ।राजनीतिक दलहरूले

प्रथम हुने निर्वाचित हुने निर्वाचनमा समावेशी र समानुपातिक सिद्धान्त अनुरूप उम्मेदवारहरू दिनु पर्ने कानुनी व्यवस्था गरिनेछ ।

(ङ) जनप्रतिनिधि सभा सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ ।

(३) **राज्यसभाको गठनः**

(क) लिम्बुवान स्वायत्त राज्यका आदिवासी समुदायहरूले आफ्नो आन्तरिक लोकतान्त्रिक प्रक्रिया (Communitarian Democracy) अर्न्तगत आफ्नै मौलिक प्रक्रिया र प्रतिनिधिमूलक संस्थाबाट छानिएका एक जना महिला एक जना पुरुष प्रतिनिधिहरू राज्यसभाका सदस्य हुनेछन् ।

(ख) लिम्बुवान राज्यका लागि महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति, विशेषज्ञ, दलित, महिला, आदिवासी जनजाति, मधेसी, सिमान्तकृत समुदायहरूबाट जनप्रतिनिधि सभाका सदस्यहरूको एकल सङ्क्रमणीय मतको आधारमा निर्वाचित हुने सदस्यहरू ।

(४) **राज्य व्यवस्थापिकाको उम्मेदवारको योग्यताः**

राज्य व्यवस्थापिकाको सदस्य हुनका लागि कुनै पनि व्यक्तिः

(क) नेपालको नागरिक हुनुपर्छ ।

(ख) लिम्बुवान स्वायत्त राज्यको नागरिक हुनुपर्छ ।

(ग) जनप्रतिनिधि सभामा २५ वर्ष र राज्यसभामा ३५ वर्ष उमेर पुगेको हुनुपर्छ ।

(घ) लेखपढ गर्न सक्ने हुनुपर्छ ।

(ङ) कानुनले अयोग्य हुनुहुँदैन र

(च) लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुने ।

*(स्पष्टीकरणः लाभको पद धारण गरेको व्यक्ति पनि योग्य हुने तर त्यसता राज्य व्यवस्थापिका सदस्यले बैठक भत्ताबाहेक तलव सुविधा नपाउने व्यवस्था हुनेछ ।)*

१२. **प्रत्याह्वानः**

(क) लिम्बुवानका जनताद्वारा प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गराएको प्रतिनिधिले राज्य वा लिम्बुवानवासीहरूको हितविपरित काम गरेको वस्तुनिष्ठ आधारमा ५१ प्रतिशत मतदाताले हस्ताक्षर गरी कानुनमा व्यवस्था भए बमोजिम प्रक्रिया पूरा गरी फिर्ता वोलाउन सक्नेछ । यसरी रिक्त हुन आएको स्थानमा पुनर्निर्वाचन गर्नुपर्नेछ ।

(ख) आदिवासी समुदायको प्रतिनिधित्व गरी निर्वाचित राज्य सभा सदस्यहरूले सम्बन्धित आदिवासी समुदायको हित विपरित काम गरेको वस्तुनिष्ठ आधारमा प्रक्रिया पुऱ्याई फिर्ता बोलाउन सक्नेछ । यसरी रिक्त हुन आएको स्थानमा उनीहरूको प्रक्रिया अपनाई प्रतिनिधि पठाउनु पर्नेछ ।

१३. **मताधिकारः**

लिम्बुवान स्वायत्त राज्यको देहायका व्यक्तिहरूमा मताधिकार रहनेछः

(क) लिम्बुवानका नागरिक हुनुपर्नेछ,

(ख) १६ वर्ष उमेर भएको हुनुपर्नेछ ।

१४. **राज्य न्यायपालिकाः**

लिम्बुवानको छुट्टै राज्य न्यायपालिका हुनेछ । यो सङ्घीय न्यायलयको शाखा हुनेछैन । न्याय प्रणाली न्यायिक/कानुनी बहुलतामा आधारित हुनेछ । लिम्बुवानमा आदिवासीहरूको मौलिक न्याय संस्था, प्रथा र प्रथाजनित कानुनलाई मानवाधिकारका सर्वमान्य सिद्धान्तहरूसँग नबाँझिएका हदसम्म मान्यता प्रदान गरिनेछ । लिम्बुवानमा देहाय बमोजिमका अदालतहरू रहनेछन्ः

(क) उच्च अदालत

(ख) स्वाशासित क्षेत्र अदालत र थुम अदालत

(ग) सामुदायिक अदालत
राज्यको कानुनद्वारा अन्य न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ ।

(१) **राज्य न्यायपालिकाको काम, कर्तब्य र अधिकारहरूः**

(क) राज्य न्यायपालिकाको सबैभन्दा माथिल्लो तह राज्यको उच्च अदालत हुनेछ ।

(ख) उच्च अदालतले राज्यका सम्पूर्ण स्वायत्त/ स्वशासित अदालत र थुम अदालतहरूलाई अवालोकन र सुपरिवेक्षण गर्नेछ ।

(ग) स्वशासित अदालत र थुम अदालतको फैसलाविरुद्धमा उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था हुनेछ ।

(घ) सर्वोच्च अदालतको अधिकारमा तोकिएको विषयहरूमा बाहेक लिम्बुवान उच्च अदालतले गरेको सबै मुद्दाको फैसला अन्तिम निर्णय हुनेछ ।

(ङ) उच्च अदालत राज्यको अभिलेख अदालत हुनेछ ।

(च) राज्यको ऐन कानुनको व्याख्या गर्ने अन्तिम अधिकार राज्यको उच्च अदालतमा निहित रहनेछ

(२) **राज्यको उच्च अदालतका न्यायधीशहरूको नियुक्ति र योग्यताः**

(क) उच्च अदालतमा एक प्रमुख न्यायधीशसहित बढीमा ५ जनासम्म अन्य न्यायधीशहरू रहनेछन् ।

(ख) उच्च अदालतका प्रमुख न्यायधीश र अन्य न्यायधीशहरूको नियुक्ति राज्य न्याय परिषद्को सिफारिसमा राज्य प्रमुखले नियुक्ति गर्नेछ ।

(ग) राज्य न्याय परिषद्मा राज्यको प्रमुख न्यायधीश, राज्यको कानुनमन्त्री, राज्य बार एसोसिएसनको प्रतिनिधि वकिल, मुख्यमन्त्रीद्वारा मनोनित कानुनविद्, उच्च अदालतको वरिष्ठतम् न्यायधीश गरी जम्मा ५ जना रहनेछन् ।

(घ) प्रमुख न्यायधीश हुनका लागि उच्च अदालतमा कम्तिमा ३ वर्ष न्यायधीश भई काम गरेको हुनुपर्दछ । स्वशासित क्षेत्र अदालत र थुम अदालतमा कम्तिमा १० वर्ष न्यायधीश भई वा १२ वर्ष वकालत गरी कानुनविद्को रूपमा ख्याति प्राप्त व्यक्तिहरू न्यायधीशका लागि योग्य मानिनेछ ।

(ङ) प्रमुख न्यायाधीश र अन्य न्यायाधीशहरूको उमेर ४५ वर्ष पुगेको हुनुपर्दछ । ६५ वर्षसम्म पदमा वहल रहनेछ ।

(३) **स्वशासित अदालत, थुम अदालत र सामुदायिक अदालतः**

स्वायत्त/स्वशासित अदालत, थुम अदालत र सामुदायिक अदालतको स्थापना, व्यवस्था राज्यले ऐन बनाई व्यवस्था गरे अनुरूप हुनेछ ।

१५. **स्वशासित क्षेत्रः**

लिम्बुवान राज्यमा ऐतिहासिक थात्थलो खुलेका आदिवासीहरू लेप्चा, याक्खा, अठपहरिया, लोहोरुङ, याम्फू, धिमाल, मेचे, राजवंशी, ताजपुरिया, उराव, सन्थाल, तोप्केगोला र वालुङका लागि स्वशासित क्षेत्रको व्यवस्था हुनेछ । स्वशासित क्षेत्र निर्धारण सम्बन्धित समुदायहरूको सहभागितामा हुनेछ ।
लिम्बुवानका अन्य आदिवासीहरूको पहिचान विज्ञ तथा लिम्बुवानवासीहरूको जानकारीको आधारमा गरिनेछ ।

(१) **स्वशासित क्षेत्रको अधिकारः**

स्वशासित क्षेत्रको अधिकार देहायको स्वशासित सुचि बमोजिम हुनेछः

**स्वशासित सूची**

| | |
|---|---|
| १. स्वास्थ्य, | १४. भूमिसुधार तथा भूमि व्यवस्थापन |
| २. शिक्षा, | १५. व्यापार व्यवसाय, |
| ३. कृषि | १६. पशुपालन |
| ४. उद्योग | १७. स्वशासित क्षेत्र अदालत |
| ५. बनजङ्गल | १८. सामुदायिक अदालत |
| ६. स्थानीय शान्ति सुरक्षा तथा प्रहरी प्रशासन | १९. सम्पति कर |
| ७. यातायात | २०. मालपोत, |
| ८. खानेपानी तथा सरसफाई | २१. व्यवसायिक कर |
| ९. साना विद्युत परियोजना | २२. यातायातकर |
| १०. मादक पदार्थ, | २३. स्थानीय कर |
| ११. क्षेत्र स्तरको खानी तथा खनिज, | २४. जनसङ्ख्या व्यवस्थापन |
| १२. क्षेत्र स्तरको विकास निर्माणका पूर्वाधार | २५. आयकर |
| १३. कला संस्कृति सम्पदा, | २८. उपरोक्त विषयसँग सम्बन्धित अपराध |

(२) **स्वशासित क्षेत्र परिषद्ः**
स्वशासित क्षेत्रमा एक स्वशासित क्षेत्र परिषद् हुनेछ।

(३) स्वशासित क्षेत्र परिषद्को अधिकारः
(क) स्वशासित क्षेत्रको कार्यकारिणी र व्यवस्थापिकिय अधिकार स्वशासित क्षेत्र परिषद्मा निहित हुनेछ।
(ख) स्वशासित सूचीमा उल्लेख भएका विषयवस्तुहरूमाथिको व्यवस्थापिकीय अधिकार स्वशासित क्षेत्र परिषद्मा निहित हुनेछ।

(४) **स्वशासित क्षेत्र परिषद्को गठनः**
स्वाशासित क्षेत्र परिषद्को गठन लिम्बुवानमा थात्थलो भएका सम्बन्धित आदिवासीको सहभागितामा राज्य व्यवस्थापिकाले ऐन बनाई निर्धारण गर्नेछ।

१६. **थुम स्वायत्त समितिः**
स्वशासित क्षेत्र बाहेक जनसङ्ख्या, जाति र भूगोलको आधारमा राज्यलाई विभिन्न प्रशासनिक थुममा विभाजित गरिनेछ। थुम विभाजन गर्न आयोग गठन गरिनेछ। प्रत्येक थुमहरूमा थुम स्वायत्त समितिहरूले कार्य गर्नेछ। थुम स्वायत्त समितिका गठन देहाय बमोजिम हुनेछः
(क) थुम स्वायत्त समितिको गठन अप्रत्यक्ष निर्वाचनबाट हुने। गाउँ/नगर समिति प्रमुख र उपप्रमुखहरूले थुम स्वायत्त समिति सदस्यहरू निर्वाचित गर्नेछन्।
(ख) थुम स्वायत्त समिति सदस्यहरूले एक थुम प्रमुख र एक थुम उपप्रमुख निर्वाचित गर्नेछ।
(ग) थुम स्वायत्त समितिलाई थुम प्रमुखले नेतृत्व गर्नेछ।
(घ) पदावधि ५ वर्षको हुने।

१७. **गाउँ/नगर स्वायत्त समितिः**
प्रत्येक थुमभित्र जातीय सङ्घनता र भौगोलिक अनुकूलतालाई हेरी गाउँ/नगरहरूको क्षेत्र छुट्याइनेछ।

१८. **दलीय व्यवस्थाः**
लिम्बुवानमा बहुदलीय व्यवस्था हुनेछ। राजनीतिक दलहरू आर्थिक रूपले पारदर्शी र उनीहरूमा आन्तरिक लोकतन्त्र सुनिश्चित भएको हुनुपर्दछ।

१९. **राज्यका आयोगहरू**ः

राज्यमा देहाय बमोजिमका आयोगहरू हुनेछन् । आयोगहरू स्वतन्त्र र निष्पक्ष रहनेछन् :

(१) राज्य लोक सेवा आयोग
(२) राज्य निर्वाचन आयोग
(३) राज्य मानवाधिकार आयोग
(४) राज्य आदिवासी जनजाति आयोग
(५) राज्य दलित आयोग
(६) राज्य महिला आयोग
(७) राज्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग
(८) राज्यको महालेखापरिक्षक
(९) अन्य आयोगहरू राज्यले आवश्यकता अनुसार गठन गर्न सक्नेछ ।

आयोगका गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार राज्य संसद्ले ऐन बनाई व्यवस्था गर्नेछ ।

२०. **सरकारी सेवा**ः

(१) लिम्बुवान स्वायत्त राज्यमा दुई प्रकारको सरकारी सेवा रहनेछ । ती हुन सङ्घीय सरकारी र राज्य सरकारी सेवा ।
(२) सङ्घीय सरकारको अधिकार क्षेत्रभित्रको काम गर्न सङ्घीय सरकारी सेवाका कर्मचारी हुनेछन् । सङ्घीय सरकारी सेवामा जातीय जनसङ्ख्याको आधारमा कर्मचारी छनौट र नियुक्ति गर्ने ऐन कानुन बनाई लागू गर्नुपर्नेछ ।
(३) राज्य सरकारी सेवामा राज्यको सम्बन्धित नागरिकहरूमात्र योग्य हुनेछन् । तर आवश्यक विशिष्ट प्रकारको सरकारी सेवाको लागि नेपालका नागरिकहरू पनि योग्य हुनेछन् ।
(४) हाल कार्यरत कर्मचारीहरूमध्ये विशिष्ठ प्रकारका सेवामा रहेका कर्मचारीलाई राज्य सरकारी सेवामा समायोजन गर्दा राज्यका नागरिकहरूलाई ग्राहयता दिइनेछ ।
(५) लिम्बुवानमा छुट्टै प्रशासनिक र असैनिक (प्रहरी) सेवाको व्यवस्था हुने ।
(६) लिम्बुवान राज्यको सरकारी सेवामा लिम्बुवानका सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको आधारमा प्रतिनिधित्वको सुनिश्चितता गराइनेछ ।
(७) प्रशासनिक र असैनिक (प्रहरी) दुवै सेवा प्रवेश योग्यता प्रणालीअन्तर्गत खुला प्रतिश्पर्धाबाट गराइनेछ ।

२१. **प्रतिनिधित्व**ः

(१) लिम्बुवानमा महिलाहरूको सबै क्षेत्रमा ५० प्रतिशत प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।
(२) लिम्बुवानमा राज्य सरकारदेखि वडा/टोलसम्मको राजनीतिक, प्रशासनिक र अन्य सम्पूर्ण राज्यका निकायहरूको गठनमा आदिवासीहरूका लागि अग्राधिकार कायम गरिएका स्थानहरू बाहेकमा सम्पूर्ण जातजाति, वर्ग र क्षेत्रको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

२२. **अग्राधिकार/विशेषाधिकार**ः

(क) लिम्बुवानमा आदिवासी लिम्बू र थात्थलो खुलेका आदिवासीहरूलाई देहायका विषयहरूमा अग्राधिकार रहनेछः

(१) किरात सिरिजङ्गा लिपिमा लिम्बू भाषा र थात्थलो खुलेका आदिवासीहरूको भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने उनीहरूलाई अग्राधिकार हुनेछ ।
(२) आदिवासीहरूलाई आफ्नो भाषा, लिपि, धर्म र आध्यत्मिक विस्वासको स्वव्यवस्थापनसहित संरक्षर र संवर्धन गरी विकास गर्ने अग्राधिकार हुनेछ ।

(३) राज्यको हरेक तहको संरचना र निर्णायक तहमा आदिवासीहरूलाई आफ्नो परम्परागत तथा प्रतिनिधिमूलक संस्थाबाट मौलिक प्रक्रियाद्वारा सहभागी हुने अग्राधिकार हुनेछ ।
(४) आदिवासीहरूको संस्कृति संरक्षण र संवर्धन तथा अभ्यासमा उनीहरूलाई अग्राधिकार रहनेछ ।
(५) आदिवासीहरूलाई उनीहरूले परम्परागत रूपमा भोगी चर्ची ओगटी आएका र सांस्कृतिक सम्बन्ध रहेका भूमि, भौगोलिक क्षेत्र र प्राकृतिक श्रोतसाधनमा सामूहिक र सार्वभौम हक हुनेछ ।
(६) आदिवासीहरूको सहमतिविना लिएका भूमि र प्राकृतिक श्रोत र साधनमा उनीहरूलाई पुन प्राप्तिको हक हुनेछ । पुनः प्राप्ति गर्न नसकिने कारण विद्यमान भएमा यथाशीघ्र न्यायपूर्ण निष्पक्ष र पूर्ण क्षतिपूर्ति प्राप्त गर्ने हक कानुनद्वारा व्यवस्था हुनेछ ।
(७) लिम्बुवानभित्रको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा महत्व राख्ने कुनै पनि विषयवस्तु तथा स्थानहरूको नयाँ नामाकरण गर्नु परेमा लिम्बू तथा स्थानीय आदिवासीहरूको भाषाबाट नामाकरण गर्नुपर्ने ।

(ख) शिक्षा, स्वास्थ्य र सरकारी सेवामा दलितहरूलाई विशेषाधिकार हुनेछ ।

२३. **अर्थ व्यवस्थाः**

लिम्बुवानमा मिश्रित अर्थ प्रणाली अपनाइनेछ । स्वदेश तथा विदेशमा रहेका लिम्बुवानवासीको पूँजीलाई लगानी गराउन राम्रो वातावरण बनाउने साथै विश्वव्यापीकरणको सकारात्मक पक्षलाई स्वीकार्ने । लिम्बुवानमा आदिवासीहरूको आग्राधिकारको अधिकारहरू संरक्षित राख्दै वैज्ञानिक एवम् प्रगतिशील भूमिसुधार लागू गरिनेछ।

(१) लिम्बुवानले आफै कर लगाउन सक्नेछ । लिम्बुवानमा उठेको सम्पूर्ण कर राजस्वको ७५ प्रतिशत लिम्बुवान राज्य सरकारले सिधै लिन र खर्च गर्न सक्नेछ ।
(२) पर्यटनलाई मुख्य उद्योगको रूपमा विकास गरी आयआर्जनको मुख्य श्रोत बनाउनेछ ।
(३) गरिब र विपन्न वर्गलाई राज्यले लोक कल्याणकारी नीति अपनाई सक्षम बनाउँदै लैजानेछ ।
(४) लिम्बुवानको प्राकृतिक श्रोत साधन (जलश्रोत, वन, खनिज आदि) हरूको पूर्ण उपयोग गरी राज्यले मूल आयश्रोत बनाउनेछ ।
(५) आदिवासी ज्ञान र परम्परागतमा आधारित सीप र प्रविधिलाई संरक्षण र संवर्धन गर्दै उद्योगमा परिणत गर्नेछ ।
(६) राज्यका सम्पूर्ण जनतालाई आधुनिक ज्ञान, शीप, कला र दक्षताको अभिवृद्धि गर्ने वातावरण सृजना गरी मानव संसाधन विकास गर्ने ।

२४. **शिक्षाः**

(१) अनिवार्य शिक्षा र माध्यमिकस्तरसम्मको शिक्षालाई निशु:ल्क बनाउने राज्यको नीति हुनु पर्नेछ ।
(२) प्राविधिक शिक्षामा जोड दिनुपर्नेछ ।
(३) मातृभाषामा पठनपाठनको सुनिश्चितता गर्नु पर्नेछ ।
(४) लिम्बुवानमा स्थापित विश्वविद्यालयअन्तर्गत विभिन्न समुदायको चाहनाबमोजिम भाषा शिक्षण विभागहरू स्थापना गरिनेछ ।

२५. **राजधानीः**

लिम्बुवानको राजधानी भौतिक सुविधा, भौगोलिक, ऐतिहासिकता लगायतका सम्पूर्ण सम्भव्यताहरूलाई अध्ययन गरी तोकिनेछ ।

२६. **सङ्घीय सरकारमा लिम्बुवान राज्यको सरोकारका विषयहरूः**

परराष्ट्र नीति, रक्षा र मुद्राको अधिकार सङ्घको अधिकार क्षेत्रमा रहने भएता पनि देहायका विषयहरू सङ्घीय संविधानमा अनिवार्य व्यवस्था हुनुपर्नेछ ।

(१) लिम्बुवान राज्य सरकारले विदेशमा आफनो छुट्टै वाणिज्य र सांस्कृतिक दूतहरू राख्न र विदेशी दातृनिकाय वा राष्ट्रहरूसँग सोझै सम्बन्ध राखी सङ्घीय सरकारलाई जानकारी दिएर विकास अनुदान र सहयोग लिनदिन पाउने व्यवस्था हुनुपर्दछ ।

(२) सङ्घीय सरकारले मुद्रा टङ्कन गर्दा किरात सिरिजङ्गा लिपिलगायत सम्पूर्ण नेपालमा अस्तित्वमा रहेका लिपिहरूको समावेश अनिवार्य हुनुपर्नेछ ।

(३) स्वायत्त राज्यहरूले आपसी हित र विकासका लागि समानता र सह-अस्तित्वको सिद्धान्तका आधारमा सम्बन्ध बढाउन सक्नेछ ।

(४) लिम्बुवानका आदिवासी जनजातिहरूलाई अन्य स्वायत्त राज्यका र नेपालबाहिरका आ-आफ्नै जातिहरूसँग आध्यात्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, राजनैतिक उद्देश्यले सम्पर्क, सम्बन्ध र सहयोग बढाउन पाउने अधिकार हुनेछ ।

(५) सङ्घीय सरकारको सैनिक सेवा संरचनामा लिम्बुवानवासीहरूको समानुपातिक प्रतिनिधित्व पाउने व्यवस्था हुनुपर्दछ । लिम्बुवान क्षेत्रको विभागीय प्रमुख लिम्बुवानवासी नै हुनुपर्दछ ।

२७. **सङ्घीय सरकारले हस्तक्षेप गर्न नहुने विषयहरूः**

(१) सङ्घीय सरकारले संविधानको सर्बोच्चता राख्ने नाममा लिम्बुवान राज्य सरकारको प्रशासनिक कार्यलाई अवैधानिक घोषणा गर्न सक्ने छैन ।

(२) सङ्घीय सरकारले लिम्बुवान राज्य सरकारको कार्यविधिमा हस्तछेप गर्न सक्नेछैन ।

२८. **सङ्घीय सरकार र लिम्बुवान राज्यबीचको अन्तरसम्बन्धः**

(१) सङ्घीय नेपालको राष्ट्रपति र उपराष्ट्रपति अप्रत्यक्ष निर्वाचन प्रणालीबाट छानिनेछ । सङ्घीय व्यवस्थापिका र राज्य व्यवस्थापिकाका सदस्यहरूको निर्वाचक मण्डलले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित गर्नेछ । राष्ट्रपति र उपराष्ट्रपति एउटै राज्य र लिङ्गको हुने छैन् । राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।

(२) सङ्घीय संविधानको हकमा सर्वोच्च अदालतले न्यायिक पुनरवलोकन (Judicial Review) गर्न सक्ने अधिकार हुनेछ ।

(३) लिम्बुवानलगायत राज्यहरूको शक्ति मौलिक शक्ति हुनेछ । सङ्घीय सरकारको शक्ति प्रदत्त शक्ति (delegated power) हुनेछ । तसर्थ सङ्घीय सरकारको शक्ति निश्चित गरिएको हुनेछ, बाँकी शक्तिहरू लिम्बुवान राज्य सरकारमा हुनेछ । वा अवशिष्ट शक्ति (residuary power) लिम्बुवान स्वायत्त राज्यहरूमा नै प्रदान गरिनुपर्दछ ।

(४) सङ्घीय संविधान संशोधनमा लिम्बुवानलगायत स्वायत्त राज्यहरूको निर्णायक स्थान हुने व्यवस्था हुनुपर्दछ ।

(५) सङ्घीय नेपालमा बहुभाषिक नीतिको व्यवस्था हुनुपर्नेछ । सङ्घीय सरकारी कामकाजी भाषाहरूमध्ये किरात सिरिजङ्गा लिपिमा लिम्बू भाषा एक हुनु पर्नेछ ।

(६) सङ्घीय व्यवस्थापिकामा पठाइने प्रतिनिधिको पदावधि लिम्बुवान राज्य अफैले तोक्नेछ अर्को राज्यसँग मिल्नै पर्ने कुनै बाध्यता हुनेछैन् ।

(७) सङ्घीय सरकारद्वारा लिम्बुवान राज्यका लिम्बुवानवासी र लिम्बूहरूको हितविपरीत कुनै पनि प्रकारको नीति निर्माण गर्न खोजिएमा लिम्बुवान राज्यको प्रतिनिधिले भिटो (विशेषाधिकार) लगाउन पाउने अधिकारको सङ्घीय संविधानमा प्रत्याभूति हुनुपर्दछ ।

(८) सङ्घीय व्यवस्थापिकामा समान शक्ति भएको दुई सदन हुनुपर्नेछ । एक सदनमा स्वायत्त राज्यहरूको निर्वाचित प्रतिनिधि जाने व्यवस्था हुनुपर्दछ । एउटा सदनमा सबै राज्यहरूको प्रतिनिधि सङ्ख्या बराबर हुनुपर्नेछ । अर्को सदनमा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधिहरू रहनेछन् ।

(९) सङ्घीय सरकार र लिम्बुवान राज्य सरकारबीच र लिम्बुवान र अन्य राज्यहरूबीचको मुद्दा, झगडा वा विवाद छिनोफानो गर्ने अधिकार संवैधानिक अदालत/सङ्घीय न्यायलयमा भए तापनि विखण्डनताबाहेक लिम्बुवानसँगको सरोकारको विषयहरूमा अधिकार सीमित गरिएको हुनुपर्दछ।

(१०) सङ्घीय संवैधानिक निकायहरूमा र सङ्घीय प्रशासनिक क्षेत्रमा लिम्बुवानवासीहरूको प्रतिनिधित्व समानुपातिक समावेशी रूपमा सुनिश्चितता केन्द्रले गर्नुपर्दछ।

समाप्त

किरात याक्थुङ चुम्लुङ
केन्द्रिय कार्यालय
ललितपुर
फोन/फ्याक्स : ०१-५५२०३४९
इमेल : chumlung@wlink.com.np

# लिम्बुवान स्वायत्त राज्यको प्रस्तावित नक्सा

